## उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग

## शिक्षामा गुणस्तर विषय क्षेत्रको सुझाव सङ्कलनका प्रश्नावली

१ शिक्षामा गुणस्तर भन्नाले तपाई के बुझ्नु हुन्छ ? गुणस्तरीय शिक्षा प्रदान गर्न के गर्नु पर्ला ?

**(क) सुरक्षित विद्यालय र शिक्षण सिकाइ वातावरण**

२ विद्यालय तथा विश्वविद्यालय र अन्तर्गतका क्याम्पसहरूलाई कसरी सुरक्षित बनाउन सकिन्छ?

३ विद्यालय तथा विश्वविद्यालयहरूको निर्माण र व्यवस्थापन कार्य व्यवस्थापन समिति, स्वतन्त्र निकाय वा स्थानीय सरकार वा अन्य कुनै निकाय मध्ये कसले गर्न उपयुक्त ठान्नु हुन्छ ?

४ बालबालिकाहरूका लागि प्रिय लाग्ने विद्यालय बनाउन के गर्नु पर्छ ?

५ सिकाइको लागि उपयुक्त वातावरण निर्माणका लागि अभिभावकहरूले कसरी सहयोग गर्न सक्दछन् ?

६ शिक्षालयहरूमा स्वच्छ र सरसफाइयुक्त वातावरण निर्माणमा क-कस्को कस्तो भूमिका रहन्छ ?

७ विद्यालयमा पठनपाठन र सिकाइसम्बन्धी बाहेकका अन्य कार्यहरू नगर्न नगराउन के गर्नु पर्ला ?

**(ख) पाठ्यक्रम र पाठ्यपुस्तक**

८ वर्तमान अवस्थाको पाठ्यक्रम निर्माण प्रक्रिया कस्तो लाग्छ ? यस प्रक्रियालाई अझ प्रभावकारी बनाउन के कस्तो सुधारको आवश्यकता छ ? उक्त कार्यमा प्रदेश र स्थानीय सरकारको भूमिका के कस्तो हुनु पर्ला ?

९ शिक्षालाई जीवन उपयोगी र व्यवहारिक बनाउन पाठ्यक्रममा के कस्ता विषयवस्तु राख्न उपयुक्त हुन्छ ?

१० पाठ्यक्रममा स्थानीय विषयवस्तु र विविधतालाई कसरी समेट्न सकिन्छ ?

११ पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीको विकास, छपाइ तथा वितरणसम्बन्धी कार्य संघ, प्रदेश, स्थानीय तहमध्ये कसले जिम्मेवारी लिन उपयुक्त ठान्नु हुन्छ ? किन ?

१२ पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीको विकास र प्रयोगमा के कस्तो सुधार गर्न आवश्यक ठान्नु हुन्छ?

१३ उमेरगत, कक्षागत र विषयगत पाठ्यभार के कस्तो हुनु पर्छ भन्ने ठान्नु हुन्छ ?

**(ग)परीक्षा एवं मूल्याङ्कन पद्धति**

१४ वर्तमान अवस्थामा कार्यान्वयमा रहेका निरन्तर विद्यार्थी मूल्याङ्न प्रणाली, लेटर ग्रेडिङ प्रणाली, सेमेष्टर प्रणाली तथा त्रैमासिक,अर्धवार्षिक र वार्षिक परीक्षा प्रणालीको संबन्धमा के कस्तो सुधार गर्न आवश्यक छ ?

मूल्याङ्न पद्धति र परीक्षाको सञ्चालन र व्यवस्थापन कार्यमा संघ, प्रदेश र स्थानीय सरकारको भूमिका, जिम्मेवारी तथा दायित्व के कस्तो हुनु पर्छ ?

१५ परीक्षा सञ्चालन र मूल्याङ्कन प्रणालीमा सुधार गर्न विद्यालय, विश्वविद्यालय, पाठ्यक्रम विकास केन्द्र, राष्ट्रिय परीक्षा बोर्ड, तथा परीक्षा नियन्त्रण कार्यालयहरूको भूमिकामा के कस्तो सुधार आवश्यक छ ?

१६ शिक्षालाई व्यवहारिक र जीवनउपयोगी बनाउन मूल्याङ्कन प्रणाली के कस्तो सुधार गर्नु पर्ला ?

**(घ) शिक्षक नियुक्ति र व्यवस्थापन**

१७ विद्यालय तहका शिक्षक तथा कर्मचारीको नियुक्ती र बृत्तिविकाससम्बन्धी नीति, विधि र संरचना के कस्तो हुनु पर्छ ?

१८ शिक्षक तथा कर्मचारीको नियुक्ति प्रकृयालाई कसरी व्यवस्थित, प्रतिस्पर्धी र पारदर्शी बनाउन सकिन्छ ?

१९ सक्षम र योग्य व्यक्तिहरूलाई शिक्षण पेशामा प्रवेश गराउन र टिकाउन के कस्ता उपायहरू अपनाउनु पर्ला ?

२० अन्य सङ्कायबाट स्नातक तथा स्नातकोत्तर गरेका विद्यार्थीहरूलाई मात्र शिक्षा शास्त्र सङ्कायमा भर्ना गर्ने व्यवस्था गर्दा कस्तो होला ?

२१ विश्वविद्यालय तहमा प्राध्यापन गर्नका लागि न्यूनतम शैक्षिक योग्यता एमफिल वा सोसरह हुनु पर्ने व्यवस्था गर्दा के होला ?

२२ विभिन्न विश्वविद्यालयका आङ्गिक कलेजहरूमा अध्यापन गराउने शिक्षण सहायक तथा प्राध्यापकहरूको योग्यता परीक्षा (eligibility test) संबन्धित विश्वविद्यालय, विश्वविद्यालय अनुदान आयोग वा अन्य स्वतन्त्र निकाय मध्ये के बाट सञ्चालन गर्न उपयुक्त ठान्नु हुन्छ ?

२३ शिक्षक तथा प्राध्यापकहरूको ज्ञान र सीप अध्याविधक गर्ने र परीक्षण गराउने उपाय के हुन सक्ला ?

२४ विद्यालयका प्रधानाध्यापक तथा क्याम्पस प्रमुखको छनौट प्रक्रिया, सेवा, सर्त र सुविधा कस्तो हुनु पर्छ ?

२५ शिक्षण पेशाको सम्मान, मान, मर्यादा तथा गरिमा बृद्धि गर्न के गर्नु पर्छ ?

**(ङ) शिक्षक शिक्षा र तालिम**

२६ विद्यालय तथा विश्वविद्यालय र अन्तर्गतका निकायमा कार्यरत शिक्षक, प्राध्यापक तथा कर्मचारीहरूको पेसागत क्षमता विकास गर्न के कस्ता निकायहरूबाट के कस्ता कार्यक्रमहरू सञ्चालन गर्नु पर्छ ?

२७ शिक्षक, प्राध्यापक तथा कर्मचारीहरूको निरन्तर पेसागत क्षमता विकास गर्न सूचना तथा सञ्चार प्रविधि (ICT) को प्रयोग कसरी गर्न सकिन्छ ?

२८ शिक्षक, प्राध्यापकहरूको पेसागत बृत्तिविकास र विद्यार्थीहरूको शैक्षिक उपलब्धिलाई कसरी अन्तरसम्बन्धित बनाउन सकिएला ?

२९ शिक्षक तथा प्राध्यापकहरूले गर्ने कक्षा शिक्षण तथा विद्यालय व्यवस्थापनसम्बन्धी क्रियाकलापहरूलाई समयसँग (time on task) कसरी सुनिश्चित गर्न सकिएला ?

३० विद्यार्थीहरूले दैनिक जीवनयापनका क्रममा सिकेका ज्ञान र सीपहरूलाई शिक्षणसिकाइ क्रियाकलापसँग कसरी जोडन सकिएला ?

**(च) शैक्षिक सुपरीवेक्षण**

३१ विद्यालय, विश्वविद्यालय तथा अन्तर्गतका निकायहरूमा सञ्चालन गरिने शिक्षणसिकाइ लगायतका क्रियाकलापहरूको शैक्षिक सुपरीवेक्षण तथा निरीक्षणसम्बन्धी कार्यलाई कसरी अझ प्रभावकारी बनाउन सकिएला ?

३२ विद्यालय, विश्वविद्यालय तथा अन्तर्गतका निकायहरूमा गरिने शैक्षिक सुपरीवेक्षण तथा निरीक्षण प्रक्रियाको संस्थागत संयन्त्र र उक्त कार्यमा खटिने जनशक्तिको परिचालन तथा योग्यतासम्बन्धी प्रावधान कस्तो हुनुपर्छ?

३३ स्थानीय तहलाई विद्यालयको व्यवस्थापन, निरीक्षण तथा सुपरीवेक्षण प्रणालीलाई के कस्तो संयन्त्र बनाएर प्रभावकारी बनाउन सकिएला ?

३४ एक व्यवस्थापन समितिले एक भन्दा बढी विद्यालयको व्यवस्थापन र रेखदेख गर्ने व्यवस्था गर्दा के होला ? एउटा अगुवा विद्यालयमा त्यस अन्तर्गतका फिडर विद्यालयहरूसमेतको प्रतिनिधित्व हुने गरी एउटै व्यवस्थापन समिति गठन गर्दा कस्तो होला ?

३५ शिक्षण संस्थामा व्यवस्थापन समिति तथा अभिभावकको रेखदेख र जिम्मेवारी कसरी बढाउन सकिएला ?

**(छ)** विज्ञान, प्रविधि, इन्जीनियरिङ्ग, गणित (**STEM**)

३६ विद्यालय शिक्षामा कति कक्षा देखि विज्ञान, प्रविधि, इन्जीनियरिङ्ग तथा गणित जस्ता विषय अनिवार्य गर्न उपयुक्त हुन्छ ? यस्ता विषयमा के कस्ता विषयवस्तु अध्यापन गराउन उपयुक्त हुन्छ ?

३७ विद्यालय, विश्वविद्यालय र अन्तर्गतका निकायहरूमा सञ्चालन गरिने विज्ञान तथा प्रविधि शिक्षाको शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक पर्ने प्रयोगशाला, शैक्षिक सामग्री तथा जनशक्तिलगायतको व्यवस्थापन प्रभावकारी रूपमा कसरी गर्न सकिएला ?

**( ज) अन्य**

३८ गुणस्तरीय विद्यालय शिक्षा तथा उच्चशिक्षा प्रदान गर्ने सम्बन्धमा तपाईको थप के सुझाव छ ?